पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, मंसिर २५ गते, २०८२ साल (संख्या ४

## भाग २

## पोखरा महानगरपालिका पोखरेली नवरत्न सम्मान कार्यविधि, २०८२

(स्वीकृत मिति : २०८२/०८/२५)

**प्रस्तावनाः** पोखरेली नागरिकद्वारा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका प्रतिभाशाली व्यक्तित्वहरुलाई पोखरेली नवरत्नद्वारा सम्मान गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम पोखरा महानगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ।

१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**पोखरेली नवरत्न सम्मान कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२) **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१) "पोखराबासी" भन्नाले पोखरा महानगरभित्र स्थायी रुपमा बसोबास गरिरहेका नागरिक

सम्झनुपर्दछ।

(२) "विभिन्न क्षेत्र" भन्नाले दफा ३ मा उल्लेख भएका क्षेत्र सम्झनुपर्दछ।

(३) "नवरत्न" भन्नाले विविध क्षेत्रमा उल्लेख योगदान पुर्याएका ९ (नौ) जना व्यक्तित्वहरु सम्झनुपर्छ।

३) **सम्मानका क्षेत्रः** (१) पुरस्कार तथा सम्मानका क्षेत्रहरु देहाय बमोजिम हुनेछन्।

(क) भाषा साहित्य

(ख) कला (संगीत, नृत्य, नाट्य, चित्रकला)

(ग) शिक्षा

(घ) स्वास्थ्य

(ङ) कृषि तथा उद्यमशिलता

(च) सामाजिक सेवा

(छ) खेलकुद, पर्यटन प्रवर्द्धन तथा वातावरण संरक्षण

(ज) विज्ञान, प्रविधि तथा नवप्रवर्तन

(झ) अन्य क्षेत्रहरु

४) **सम्मान प्राप्त गर्ने योग्यता र छनौटका आधारः**

(१) देहायको योग्यता भएको व्यक्ति मध्येबाट छनौट गरिनेछ।

(क) नेपाली नागरिक

(ख) पोखरा महानगरको स्थायी ठेगाना भएको र महानगर क्षेत्रभित्र मतदाता नामावलीमा नाम समावेश भएको

(ग) फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(घ) उच्च नैतिक चरित्र भएको,

(ङ) पोखरा महानगरपालिकामा बसोबास गरी स्थानीय, राष्ट्रिय एवं अन्तराष्ट्रिय क्षेत्रमा आफ्नो प्रतिभा प्रदर्शनको माध्यमद्वारा पोखराको पहिचान अभिबृद्धि गरेको,

५) **सम्मानको समय, राशी र छनौट समितिः**

(१) प्रत्येक पाँच वर्षमा नवरत्न सम्मान प्रदान गरिनेछ। पुरस्कारको रकम र अन्य विषय नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(२) छनौट समितिको गठन हरेक ५ बर्षमा कार्यपालिकाबाट हुनेछ।

६) **छनौट समितिको काम कर्तव्य र अधिकारः** (१) छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) विभिन्न विधाका विशिष्ट र आजीवन योगदान दिएका अग्रजहरु मध्येबाट योग्य व्यक्तिहरुको सूची तयार गर्ने ।

(ख) आवश्यकता अनुसार विभिन्न क्षेत्रबाट औपचारिक/अनौपचारिक ढंगले सिफारिस माग गर्ने ।

(ग) सिफारिस तथा सामाग्रीहरुको मूल्याङ्कन गर्ने ।

(घ) मूल्याङ्कनका लागि आवश्यक परेमा थप जानकारी प्रमाण वा प्रत्यक्ष भेटघाट गर्ने ।

(ङ) प्रकृया पारदर्शी, वस्तुगत र प्रमाणमा आधारित हुने सुनिश्चित् गर्ने ।

(च) आवश्यक परेमा विज्ञको सहयोग लिने वा उप समिति गठन गर्ने ।

(छ) विभिन्न विधाहरुमा योग्यतम् व्यक्तिहरुको बारेमा समितिभित्र घनिभूत छलफल, विमर्श गर्ने ।

(ज) अन्तिम सूची तयार गर्दा समावेशीकरणको मर्मलाई ख्याल गर्दै विविध विधाबाट समेट्ने । योगदान र लोकप्रियताका आधारमा एकै विधाबाट एक वा एकभन्दा बढी व्यक्तित्वहरु समेत छनौट गर्न सकिने ।

७) **छनौटका मापदण्डः** (१) छनौटका मापदण्ड देहाय वमोजिम हुनेछन् ।

(क) आफ्नो क्षेत्रमा महत्वपुर्ण पहिचान स्थापित गर्न सफल भएको व्यक्तित्व र कृतित्वले पोखराको समग्र विकासमा दिगो प्रभाव पारेको,

(ख) योगदानको पोखरेली पहिचान, मौलिकता तथा श्रृजनात्मकता झल्कने,

(ग) स्थानीय, राष्ट्रिय, अन्तराष्ट्रिय स्तरको मान्यता सहित पोखराको पहिचान प्रवर्द्धन मौलिकता र गरिमा बढाउने कार्य गरेको,

(घ) पोखरा महानगरको समग्र विकासमा तथा कम्न लगायतका क्षेत्रमा योगदान पुर्याएको,

(ङ) पुरस्कार, सम्मान, प्रकाशन अभिलेख तथा प्रमाणित दस्तावेजलाई आधार बनाइने,

(च) छनौट समितिका संयोजक/सदस्यका स्वार्थका द्वन्दमा नपर्ने व्यक्ति मात्र छनौटमा समावेश हुने,

(छ) यस अघि पोखरेली नवरत्न सम्मान प्राप्त गरेका व्यक्ति पुन छनौट नहुने । नवरत्न सम्मान प्राप्त गरिसकेका एकाघर/ परिवारका सदस्यहरु/सन्ततिका हकमा प्रत्येक कार्यकालमा लगातार हुने गरी छनौट नहुने ।

८) **सम्मान प्रदान गर्ने विधि:** (१) छनौट समितिबाट अन्तिम छनौट भएका ९(नौ) जना व्यक्तित्वहरुलाई नगर कार्यपालिकाले अनुमोदन गर्नेछ।
(२) अनुमोदित व्यक्तित्वहरुलाई महानगर स्थापना दिवसको अवसरमा ताम्रापत्र, पदक, दोसल्ला तथा नगद पुरस्कार राशी सहित सम्मान प्रदान गरिनेछ।

९) **अभिलेख व्यवस्थापन तथा सहुलियत:** (१) सम्मानित स्रष्टाहरुको व्यक्तित्व, कृतित्व, विवरण फोटो तथा जीवनकृत्त महानगरको वेभसाइट तथा अभिलेख प्रणालीमा दर्ता गरिनेछ।
(२) सम्मानित व्यक्तित्वहरुलाई पोखरा महानगरले पोखरेली नवरत्न सम्मान कार्ड प्रदान गरि आवश्यकता अनुसार विशेष सम्मान र सेवा सुविधा गर्नेछ।

१०) **बाधा अड्काउ फुकाउने अधिकार:** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यविधि बमोजिम हुनेछन्।
(२) कुनै विषयमा बाधा अड्काउ परेमा छनौट समितिको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा बाधा अड्काउ फुकाउने अधिकार नगर प्रमुखमा रहनेछ।

**प्रमाणिकरण मिति**
**२०८२।०८।२५**

**आज्ञाले**
**प्रमुख प्रशासकीय अधिकृत**